३०५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ११९/२०७०/०७१

सातदोवाटो, ललितपुरका सुजन प्रधान ..................................................................................१ निवेदक

**विरूद्ध**

प्रमुख, पोखरा विश्वविद्यालय, कास्की ..................................................................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

सातदोवाटो, ललितपुरका सुजन प्रधानले पोखरा विश्वविद्यालय, कास्की समक्ष उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि माग गरेकोमा उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।०७।१५ मा निवेदन गरेको । निवेदकको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगवाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७०।०७।२६, च.नं. ३७४, पु.च.नं.१०९ को पत्रबाट लेखिगएको र मिति २०७१।०१।०५, च.नं. ८७०, पु.च.नं.३२८ को पत्रबाट ताकेता समेत गरिएकोमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म निवेदकले सूचना पाइन भनी निवेदन गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा निवेदकले पुन: आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत निवेदन तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार १० गते रोज ५ शुभम् ।

३. आ.व. २०७१।०७२ को वजेट सार्वजनिकीकरणको प्रमाणित प्रतिलिपि ।

४. हालसम्म साविक गा.वि.स तथा नगरपालिकामा कार्यरत सरुवा भएका र बरबुझारथ नगरेका सचिव वा कार्यकारी प्रमुखहरुको विवरण ।

५. हाल यस नगरपालिका अन्तर्गत कतिवटा ठेक्का प्रकिया कार्यहरु संचालनमा रहेका र ठेक्का कहिले कति वर्षका लागि भएको हो ? सो को विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुत्त

ईति सम्वत् २०७२ साल असार ९ गते रोज ४ शुभम् ।